# सार्वजनिक प्रशासन रुपान्तरण अभियान-२०८२: रुपान्तरणका मुलभूत विषय

## पृष्ठभुमि

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मूल ध्येय नागरिकलाई घरदैलोमा सहज, सुलभ र गुणस्तरीय सार्वजनिक सेवा उपलब्ध गराउनु हो। तर वर्तमान प्रशासनिक संयन्त्रमा देखिएको अत्यधिक राजनीतिकरण, बोझिलो र खर्चिलो संगठनात्मक संरचना, न्यून कार्यदक्षता र खर्चिलो शासकीय स्वरुपका कारण सार्वजनिक सेवा प्रभावकारी हुन नसक्दा आम नागरिकमा राज्यप्रति नैराश्यता बढ्दै गएको देखिन्छ। जसको परिणाम स्वरुप २०८२ भाद्र २३ र २४ गते नवयुवा पुस्ता (Gen-Z) विद्रोह समेत हुन पुग्यो। २०८२ फाल्गुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको परिणामले नवयुवा पुस्ता (Gen-Z) विद्रोहमा प्रकट भएको भ्रष्टाचारमुक्त र सुशासनयुक्त शासकीय प्रणाली, राष्ट्रिय हित एवम् सुरक्षा र विकासको एजेण्डालाई अत्यधिक जनमतले अनुमोदन गरेको अवस्था विद्यमान छ। एकातिर सार्वजनिक सेवा प्रवाहमा प्रविधिको न्यून प्रयोग र बिचौलियाको दबदबा छ भने अर्कोतिर विकास खर्चको न्यूनता र बढ्दो साधारण खर्चले मुलुकको अर्थतन्त्रलाई चुनौतीपूर्ण बनाएको छ। सार्वजनिक प्रशासनलाई पूर्ण रुपमा डिजिटाइज, नतिजामुखी र भ्रष्टाचारमुक्त बनाउन सार्वजनिक प्रशासन रुपान्तरण अभियान-२०८२ को तर्फबाट समग्र रुपान्तरणका लागि देहायका क्षेत्र र विषयमा सुधारको खाका प्रस्ताव गरिएको छ।

### १. कर्मचारी संयन्त्र र संरचनात्मक सुधार

**क. नीतिगत तथा संरचनात्मक रूपान्तरणः**

- संघीय निजामती सेवा ऐन तत्काल जारी गर्ने।
- संघीय मन्त्रालयहरूको संख्या पुनरावलोकन गरी १५ वटामा सीमित गर्ने।
- राष्ट्रिय योजना आयोग लगायत औचित्यहीन रहेका आयोग, बोर्ड, समिति, सचिवालय र प्राधिकरणहरू खारेज गर्ने।
- संघीय तहमा रहेका विभागहरूको ३ महिनाभित्र पुनरावलोकन गरी खारेजी वा गाभ्ने (Merge) कार्य सम्पन्न गर्ने।
- संघीय संरचना अनुरुपको कार्यबोझ र कार्यचापका आधारमा कर्मचारी दरबन्दी सिर्जना गरी जनशक्ति व्यवस्थापन गर्ने। हाल संघीय संरचनामा बढी हुने करिब ३०% कर्मचारी प्रदेश र स्थानीय तहमा खटाउने व्यवस्था गर्ने।
- प्राविधिक र अप्राविधिक जनशक्तिको उपयुक्त अनुपात मिलाई सेवा समूहको विशिष्टीकरण गर्ने।
- तहगत प्रणाली सहितको एकीकृत संघीय, प्रादेशिक निजामती सेवा र स्थानीय सेवाको व्यवस्था गर्ने। संघीय तहमा नीतिगत, व्यवस्थापन, कार्यान्वयन र सेवाप्रवाह गरी चार तह कायम गर्ने।

सार्वजनिक प्रशासन रुपान्तरण अभियान-२०८२

**ख. पदसोपान, बढुवा, वृत्ति विकास र सेवा सुविधाः**

- निजामती कर्मचारीको हालको पदसोपानमा परिवर्तन गरी १ देखि १६ तह कायम गर्ने र निजामती सेवाको सहायक तहको चौंथो र अधिकृत तहको सातौं तहमा बाहेक अन्य तहमा खुला प्रतिस्पर्धाको आधारमा हुने पदपुर्ति प्रणाली बन्द गर्ने। निश्चित मापदण्ड पुगेका निजामती कर्मचारीको नियमित बढुवा हुने व्यवस्था गर्ने।
- कर्मचारीको बढुवालाई केवल "ज्येष्ठता" (Seniority) मा मात्र सीमित नगरी "क्षमता" (Capacity) सँग जोड्न हचुवाको भरमा कार्यसम्पादन मुल्याङ्कनमा अंक दिने परिपाटीको अन्त्य गर्दै स्पष्ट 'Key Performance Indicators' (KPI) को विकास गरी कार्यसम्पादन मूल्यांकनलाई वैज्ञानिक र वस्तुनिष्ठ बनाउने।
- सहसचिव वा सो सरहको पदावधि १० वर्ष, सचिव वा सो सरहको पदावधि ३ वर्ष र मुख्य सचिव वा सो सरहको पदावधि २ वर्ष कायम गर्ने (उच्च कार्यक्षमता भएकालाई बढीमा १ वर्ष थप गर्न सक्ने)।
- कर्मचारीको शैक्षिक योग्यता, तालिम, कार्यक्षमता र अनुभवलाई ध्यानमा राखेर उपयुक्त पदमा उपयुक्त व्यक्ति (Right Person in Right Place) पदस्थापन गर्ने। साथै, कार्यसम्पादनमा प्रतिकूल असर नपर्ने गरी निश्चित अवधि (जस्तैः २ वर्ष) सम्म सरुवा नगर्ने सुनिश्चितता गर्ने।
- कर्मचारी सरुवालाई पूर्वानुमानयोग्य, चक्रिय र स्वचालित बनाई डिजिटल प्रणालीमा आबद्ध गर्ने।
- सबै मन्त्रालयहरूमा Agile HR Management लागू गरी कर्मचारीको Continuous Learning Portfolio निर्माण गर्ने।
- कुनै पदको कर्मचारीको लागि तलब निर्धारण गर्दा उक्त पदका लागि आवश्यक पर्ने शैक्षिक योग्यता अध्ययन गर्न लाग्ने लागत र सेवाको विशिष्टीकरणलाई आधार मानी निर्धारण गर्ने। (जस्तैः एउटा विशेषज्ञ चिकित्सकको न्यूनतम तलब २,००,००० हुनुपर्ने)
- सवारी साधन सुविधा पाउने कर्मचारीहरुको सुविधामा एकरूपता कायम गर्ने, कार्यकालभरि एउटै सवारी साधन प्रयोग गर्न दिने र अवकाशपछि ह्रासकट्टी गरी निजलाई नै दिने वा न्यूनतम ब्याजदरमा सवारी कर्जा उपलब्ध गराउने।
- सुरक्षा निकायको जस्तै निजामती कर्मचारीहरूको लागि छुट्टै 'कल्याणकारी कोष' स्थापना गरी कर्मचारी एवम् निजका परिवारका सदस्यहरुको स्वास्थ्य, शिक्षा र आवासको व्यवस्थापन गर्ने।

**ग. कार्यक्षमता, तालिम र जवाफदेहिताः**

- सबै तहमा रहेका कर्मचारीहरूको दलीय ट्रेड युनियन तत्काल निलम्बन गरी खारेज गर्ने र ट्रेड युनियनका नाममा भएका जग्गा, घर र सम्पत्ति राष्ट्रियकरण गर्ने। सबै सार्वजनिक निकायमा रहेका दलीय संगठन/युनियन खारेज गर्ने।

सार्वजनिक प्रशासन रूपान्तरण अभियान-२०८२

- कमजोर कार्यक्षमता र भ्रष्ट आचरणका कर्मचारीलाई अवकाश दिने नीतिगत प्रबन्ध गर्ने; एक पटक ३० वर्ष सेवा अवधि र ५५ वर्ष उमेर पूरा भएको कर्मचारीहरुको लागि Compulsory Retirement Scheme लागू गर्ने।
- सेवा प्रवेश तालिम सबै सेवा समूहका कर्मचारीलाई न्यूनतम १ वर्ष हुने व्यवस्था मिलाउने।
- सबै प्रकारका तालिम केन्द्र, प्रतिष्ठानहरू (Training Institute) लाई Merge गरी Credit-Hour सहितको विश्वविद्यालय सरहको Academy खोल्ने र यस अन्तर्गत विषयगत तालिम विभागहरू स्थापना गर्ने।
- विभिन्न मित्र राष्ट्रहरुको सेवा प्रवेश तालिम प्रदायक संस्थाहरुसँगको सहकार्यमा तत् तत् मुलुकमा समेत सेवा प्रवेश तालिमको व्यवस्था मिलाउने। जस्तैः नेपाली सेना, नेपाल प्रहरी र भुटानमा अभ्यासमा रहेको।
- सबै तह र निकायहरूमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली (PBIS) लागू गर्ने।
- कार्यसम्पादन मूल्याङ्कनमा सुपरीवेक्षकले मात्र नभई सहकर्मी, मातहतका कर्मचारी र सेवाग्राहीले पनि अंक दिन पाउने प्रणाली (३६० डिग्री मूल्याङ्कन) विकास गर्ने।
- पदसोपानलाई उत्तरदायित्वसँग जोड्न प्रत्येक पदका लागि स्पष्ट कार्य विवरण (Job description) र कुन तहको कर्मचारीले कुन निर्णयको जिम्मेवारी लिने भन्ने विषय सम्बन्धित कानूनमा नै स्पष्ट गर्ने।
- कर्मचारीले असल नियतले गरेका कार्यको बचाउका लागि छुट्टै कानूनी व्यवस्था गर्ने। भ्रष्टाचारजन्य कसुरमा मुद्दा चलाउन पूर्व कर्मचारीको आचरण, अनुशासन, सम्पति र व्यवहारको लेखाजोखा र विश्लेषण गर्ने।
- सार्वजनिक जवाफदेहिता सम्बन्धी कानून जारी गरी सबै सार्वजनिक पदाधिकारीलाई जवाफदेही र उत्तरदायी बनाउने।

## घ. सुधारको निरन्तरता र आयोगः

- सार्वजनिक प्रशासनिक रुपान्तरणलाई अभियानको रुपमा प्रत्येक तह/मन्त्रालय/निकायमा सञ्चालन गर्ने। सो का लागि स्थायी प्रकृतिको सार्वजनिक प्रशासन विनिर्माण आयोग र तह/निकायगत एकाई गठन गरी निरन्तर सुधारलाई संस्थागत एवम् व्यवस्थापन गर्ने।
- तह/निकायगत एकाईले सुधारका विषयहरू आयोगमा लैजाने र आयोगले नेपाल सरकार समक्ष सिफारिस गरी निर्णय गर्दै कार्यान्वयनमा लैजाने (Top-Down-Top Model)।
- सबै प्रकारका राजनीतिक नियुक्तिलाई योग्यता, क्षमता र विज्ञताका आधारमा प्रतिस्पर्धात्मक प्रणालीबाट गर्न छुट्टै स्पष्ट कानूनी व्यवस्था गर्ने।
- नेपालको समग्र तथ्याङ्क प्रणालीको गुणस्तरीयता र विश्वसनीयता अभिवृद्धि गर्दै सेवा प्रवाह र विकास व्यवस्थापनका लागि आवश्यक Realtime तथ्याङ्क क्षेत्रगत/विषयगत रुपमा उपलब्ध हुने व्यवस्था सुनिश्चित गर्ने।

- डा. डिल्लीराज खनालको संयोजकत्वमा गठित सार्वजनिक खर्च कटौती सम्बन्धी प्रतिवेदन कडाइका साथ कार्यान्वयन गर्ने।

## २. सुशासन, भ्रष्टाचार नियन्त्रण र जवाफदेहिता

### क. निगरानी र भ्रष्टाचार नियन्त्रणः

- कर्मचारीको अनुचित कार्य, ढिलासुस्ती र अनियमितताको निगरानी र कारबाही गर्न हालको राष्ट्रिय सतर्कता केन्द्रलाई प्रशासकीय अम्बुड्सम्यानको रूपमा विकास गर्ने।
- नीतिगत भ्रष्टाचारलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारमा समावेश गर्ने र खुद्रा भ्रष्टाचार (Petty Corruption) अनुसन्धान गर्ने अलग संयन्त्र निर्माण गर्ने।
- एक पटकको लागि सबै नागरिकलाई आफ्नो सम्पत्ति स्व-घोषणा गर्न दिई अर्थतन्त्रको औपचारिक क्षेत्र बाहेकको सम्पत्तिलाई करको दायरामा ल्याउने।
- भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्न नेपाली रुपैयाँ ५०० र १००० को नोटलाई नोटबन्दी गर्ने र Digital Currency जारी गरि लागू गर्ने।
- 'Open Government Data Portal' स्थापना गरी सरकारी खर्च र ठेक्कापट्टाको पूर्ण विवरण नागरिकले प्रत्यक्ष हेर्न सक्ने व्यवस्था गर्ने।

### ख. सदाचारिता र व्यावसायिक नैतिकता (Integrity and Ethics)

निजामती कर्मचारीलाई सदाचारी बनाउन केवल कानुनी व्यवस्था मात्र पर्याप्त हुँदैन, त्यसको लागि एउटा बलियो नैतिक ढाँचा र अनुकुल कार्यवातावरण समेत आवश्यक पर्ने भएकोले देहाय बमोजिम गर्ने।

- **सदाचार परीक्षण (Integrity Testing):** नियुक्ति र बढुवाको समयमा सार्वजनिक क्षेत्रका कर्मचारीको नैतिक पृष्ठभूमि र इमानदारिताको परीक्षण गर्ने संयन्त्र विकास गर्ने।
- **स्वार्थको द्वन्द्व (Conflict of Interest):** नीति निर्माण र निर्णय प्रक्रियामा व्यक्तिगत स्वार्थ बाझिने अवस्थामा कर्मचारी अलग हुनुपर्ने गरी स्वार्थको द्बन्द्ध व्यवस्थापन सम्बन्धी स्पष्ट कानुनी व्यवस्था गर्ने।
- **सम्पत्ति विवरणको डिजिटल अनुगमनः** सार्वजनिक पद धारण गरेको व्यक्तिले सम्पत्ति विवरण अनिवार्य बुझाउने व्यवस्था गर्नुका साथै त्यसको स्वचालित प्रणालीबाट नियमित अनुगमन गर्ने।
- **Whistleblower संरक्षणः** भ्रष्टाचार र अनियमितता विरुद्ध सूचना दिने सूचनादाताको सुरक्षा, संरक्षण र प्रोत्साहनको ग्यारेन्टी गर्ने।

### ग. सेवाग्राहीको गुनासो सुनुवाइ र सेवा सहजीकरणः

- सार्वजनिक सेवा प्रवाहमा रहेको सेवाग्राहीको गुनासो सम्बोधनको लागि हाल सञ्चालनमा रहेको हेल्लो सरकार लगायतका प्रणाली तथा प्लेटफर्महरुको थप सुदृढीकरण गरी प्रभावकारीता अभिवृद्धि गर्ने।

मानविकि प्रशासन रूपान्तरण अभियान २०८२

- सेवाग्राहीको अत्याधिक चाप हुने निकाय/कार्यालयहरूमा लाइन लाग्नुपर्ने अवस्थाको अन्त्य गर्न Token System लागू गर्दै Line to Lounge र Line to Online को Model मा रूपान्तरण गर्ने।
- सेवाग्राहीको अत्याधिक चाप हुने निकाय/कार्यालयहरूमा चौबीसै घण्टा Call Centre, Rapid Grivience handling desk, Help Desk को स्थापना गर्ने।

## ३. आर्थिक क्षेत्र सुधार एवम् विकास व्यवस्थापन

### क. कर, राजस्व र भन्सार प्रणालीः

- सवारी साधन बाहेक २० प्रतिशत भन्दा बढी भन्सार दर रहेका सबै वस्तुको भन्सार दर घटाउने।
- सबै प्रकारको कारोबारको अभिलेख आन्तरिक राजस्व विभागको प्रणालीमा आउन सक्ने गरी आधुनिक प्रणालीको विकास गर्ने र Online Billing प्रणाली लागू गर्ने।
- भन्सारको Under-invoice हुने कार्यलाई तत्काल सुधार गर्न सन्दर्भ मूल्यको आधारमा मूल्याङ्कन गर्ने अभ्यास हटाएर कारोबार मूल्यको आधारमा मूल्याङ्कन गर्ने।
- सबै प्रकारका कर, राजस्व नेपाल सरकारको केन्द्रीय खातामा मात्र जम्मा हुने र बाँडफाँट तहगत हुने गरी One Door Revenue Source (ODRS) policy व्यवस्था गर्ने।
- राजस्वको दायरा विस्तार र सार्वजनिक खर्च कटौतीका प्रत्येक क्षेत्र यकिन गरी तत्काल कार्यान्वयन गर्ने।
- राजस्व अनुसन्धान विभाग खारेज गरी अनुसन्धान सम्बन्धी काम आन्तरिक राजस्व विभाग र भन्सार विभाग मार्फत नै गर्ने तथा राजस्व संकलन गर्ने निकाय र राजस्व छलीमा अनुसन्धान/तहकिकात गर्ने निकाय तथा कर्मचारी छुट्टाछुट्टै हुने गरी कानूनी व्यवस्था गर्ने।

### ख. सार्वजनिक खरिद र आयोजना व्यवस्थापनः

- सार्वजनिक खरिद ऐन तत्काल संशोधन गरी फरक-फरक प्रकृतिका खरिद प्रक्रियालाई अनुमानयोग्य, छिटो छरितो, गुणस्तरीय र नतिजामुखी बनाउने।
- सरकारी स्रोतको दुरुपयोग (Resource Bleeding) रोक्न सबै तह/निकायको खरिदमा कठोर नियन्त्रण प्रणालीको विकास गरी खरिद कार्यमा पेशागत दक्षता भएका कर्मचारीलाई जिम्मेवारी दिने।
- सबै तह/निकायमा पूर्ण विद्युतीय खरिद प्रणाली अवलम्बन गर्ने।
- निर्माण व्यवसायीको आर्थिक र प्राविधिक योग्यता, अनुभव र विगतको Track Record का आधारमा पुनः वर्गीकरण गरी Ranking गर्ने र जो सुकैले ठेक्का हात पार्ने प्रवृत्तिको अन्त्य गर्ने।
- समयमै काम नगर्ने निर्माण व्यवसायी/ठेकेदारलाई कानून बमोजिम कठोर कारबाही गर्ने र हर्जना (Penalty) लगाई रुग्ण आयोजनाहरूको ठेक्का तत्काल खारेज गर्ने।
- दशौं हजार संख्यामा भएका आयोजनाहरूको Review गरी संख्या घटाउने एवम् संघीय सरकारले १० करोड भन्दा तलका आयोजना कार्यान्वयन नगर्ने।

सार्वजनिक प्रशासन रूपान्तरण अभियान-२०८२

- राष्ट्रिय महत्वका ठूला आयोजनालाई तोकिएको लागत, समय र गुणस्तरमा सम्पन्न गर्न छुट्टै आयोजना कानून (Sunset Law) तथा Development Emergency को व्यवस्था गर्ने।
- तीनै तहमा आयोजना बैंक संस्थागत गरी वैज्ञानिक र वस्तुगत विधिबाट मात्रै आयोजना छनौट गर्ने।
- आयोजनाका लागि जग्गा प्राप्ति, वन/निकुञ्ज क्षेत्रको उपयोग लगायतका कार्य आयोजना प्रमुखले नै निर्णय गर्न सक्ने गरी अधिकार सम्पन्न बनाउने र विभिन्न निकाय/कार्यालय धाउनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्ने।
- प्रधानमन्त्रीको कार्यालयमा 'रियल-टाइम ड्यासबोर्ड' (Real-time Performance Dashboard) स्थापना गरी मन्त्री र सचिवहरूको दैनिक कार्यप्रगति र फाईलको ट्र्याकिङ गर्ने।
- नीति तथा कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गर्न स्वतन्त्र 'Third-party Evaluation System' (विश्वविद्यालय वा अनुसन्धान संस्थामार्फत) लागू गर्ने।
- राज्यको आवश्यकता र नागरिक आकांक्षा बमोजिम राष्ट्रिय महत्वका आयोजना निर्माण गर्नका लागि सरकार, नागरिक, निजीक्षेत्र, विकास साझेदार र गैरआवासीय नेपालीको समेत साझेदारीमा १००० अर्बको राष्ट्रिय विकास कोष निर्माण गरी रणनीतिक योजनाहरु सञ्चालन गर्न नीतिगत एवम् कानूनी व्यवस्था गर्ने।

**ग. निजी क्षेत्र, संस्थान र अन्य लगानीः**

- निजी क्षेत्रका उत्तम अभ्यासहरू सरकारी क्षेत्रमा अनुशरण गर्ने।
- गैर सरकारी संस्थाहरूको लगानी सङ्घीय सरकारको स्वीकृतिमा स्थानीय तहको प्राथमिकता प्राप्त क्षेत्रमा मात्र परिचालन गर्ने र ती संस्थाका पदाधिकारीको सम्पत्ति छानबिन गर्ने।
- बजेट प्रणाली बाहिरबाट कुनै पनि वैदेशिक सहायता परिचालन नगरी राष्ट्रिय हित हासिल हुने गरी सहायता परिचालन गर्ने।
- सार्वजनिक संस्थानहरूको सुधारका लागि Umbrella Policy र Bell and the Bill Policy अंगीकार गर्ने र कर्मचारीको सेवा सुविधा निजामती समान भन्दा माथि जानै नसक्ने गरी Capping गर्ने।
- करिब ३० हजार कैदीबन्दीलाई सार्वजनिक निर्माणमा परिचालन गरी खुला कारागारको अवधारणा पूर्ण रूपमा कार्यान्वयनमा ल्याउने।
- पूर्वाधार विकासमा Green Financing र जलवायु-उत्थानशील (Climate Resilient) प्रविधिको प्रयोगलाई खरिद ऐनमै अनिवार्य समावेश गर्ने।

## ४. सार्वजनिक सेवा प्रवाह

### क. जनमुखी र सेवामुखी सेवा प्रवाह (Citizen-centric Service)

- तोकिएको समय, लागत र गुणस्तरमा सेवा नपाएमा सम्बन्धित कर्मचारीबाट सेवाग्राहीलाई क्षतिपूर्ति भराउने कानुनी प्रावधानको पूर्ण कार्यान्वयन गर्ने, गराउने।

सार्वजनिक प्रशासन रूपान्तरण अभियान-२०८२

- सार्वजनिक सेवामा बिचौलियाको अन्त्य र सेवा प्रवाहलाई प्रभावकारी बनाउन Digital Governance लाई कार्यान्वयनमा ल्याउने।
- सार्वजनिक निकायहरुमा पारदर्शिता प्रवर्द्धन गर्न, स्रोत साधनको दुरुपयोग रोक्न तथा सेवा प्रवाहमा नागरिक सहभागिता, अपनत्व र नियन्त्रण कायम गर्न सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण जस्ता Accountability Tools को प्रयोगलाई अनिवार्य रुपमा कार्यान्वयन गर्ने।

### ख. डिजिटल सेवा र प्रविधिको अधिकतम प्रयोगः

- सूचना प्रविधि विभागमा कम्तीमा १०० जना विशेषज्ञ सहितको IT Engineer को दरबन्दी सिर्जना गरी सबै निकायको सेवा प्रवाह सम्बन्धी Software/Hardware व्यवस्थापनको जिम्मेवारी दिने (अन्य निकायको दरबन्दी कटौती गर्ने)।
- राज्यले प्रवाह गर्ने सबै प्रकारको सेवा एकीकृत सूचना प्रविधिमा आधारित बनाई Paperless र Faceless बनाउने।
- सूचना प्रविधिको प्रयोग, AI को प्रयोग तथा Virtual Organization Model लाई प्रवर्द्धन गर्दै एकीकृत डिजिटल प्लेटफर्म एप मार्फत Interoperability प्रयोग गरी ९० प्रतिशत सेवालाई अनलाइन प्रणालीमा लैजाने।
- करिब १ करोड ९२ लाख नेपाली नागरिकको बायोमेट्रिक सहितको तथ्याङ्क संकलन गरी राष्ट्रिय परिचयपत्र नम्बर प्रदान गरी १४ वटा सरकारी निकायहरुसँग प्रणाली अन्तरआबद्धता गरी सेवा सुचारु गरिएको छ। आगामी दिनमा राष्ट्रिय परिचयपत्र नम्बरलाई सार्वजनिक सेवा प्रवाहको लागि सेवाग्राही पहिचानको नम्बर बनाई डिजिटल सेवालाई बढोत्तरी गर्ने साथै सार्वजनिक सेवा सुधारको प्रस्थान बिन्दुको रुपमा राष्ट्रिय परिचयपत्र प्रणालीलाई थप सुदृढीकरण गर्ने।
- राष्ट्रिय साइबर सुरक्षा ढाँचा (National Cybersecurity Framework) र 'Data Privacy Protocol' कडाइका साथ लागू गर्ने।
- नागरिकको संवेदनशील डाटा विदेशिन नदिन 'राष्ट्रिय डाटा सेन्टर' (Sovereign Data Center) को स्तरोन्नति र 'डाटा स्थानीयकरण' (Data Localization) कानुनको प्रभावकारी कार्यान्वयन गर्ने।
- सरकारी सेवामा AI को प्रयोग गर्दा हुनसक्ने पूर्वाग्रह र जोखिम नियन्त्रण गर्न 'AI Ethics and Governance Guidelines' जारी गर्ने।
- एकीकृत डाटा प्रणाली बनाउँदा नागरिकको निजी जानकारी सुरक्षित राख्न 'डाटा सुरक्षा प्रोटोकल' अवलम्बन गर्ने।

### ग. सेवा सञ्चालन र पहुँच विस्तारः

- हप्तामा शनिबार र आइतबार सार्वजनिक बिदा दिई अन्य सार्वजनिक बिदाहरु पुनरावलोकन गर्ने। कार्यालय समय बिहान ९:०० बजे देखि सुरु गर्ने।

- सबै प्रकारका सार्वजनिक सेवा प्रवाहमा बिचौलिया र दलाल निषेधको अभियान सुरु गर्ने (बिचौलिया बाहिर, सेवाग्राही भित्र)।
- सार्वजनिक सेवा प्रवाह गर्ने सबै कार्यालयहरूले सेवा प्रवाह गर्ने समय घोषणा गर्ने र क्षतिपूर्ति सहितको नागरिक घोषणाको अभ्यास प्रचलनमा ल्याउने।
- बैंकिङ सेवा, विद्युत, इन्टरनेट, प्रहरी, स्वास्थ्य, एम्बुलेन्स लगायतका अत्यावश्यक सेवाहरू सातै दिन र चौबीसै घण्टा सञ्चालन गर्ने।
- सबै तहका अस्पतालहरू (सरकारी र निजी), पेट्रोल पम्प, र औषधि पसल चौबीसै घण्टा (Shift Basis मा) खोल्नैपर्ने बाध्यात्मक व्यवस्था गर्ने।
- समान प्रकृतिका कार्य गर्ने कार्यालयहरू (जस्तै: नापी, मालपोत, यातायात) एकै स्थानमा रहने गरी Re-engineering गर्ने।
- वडा तहको कार्यालयलाई सेवा केन्द्रको रूपमा विकास गरी सबै प्रकारका सेवा प्रवाह गर्ने गरी पुनःसंरचना गर्ने। स्थानीय तह र वडालाई एकीकृत सार्वजनिक सेवा केन्द्रको रूपमा विकास गर्ने।
- कृषि, इन्जिनियरिङ, भेटेरिनरी, नापी, वन जस्ता सेवाका कर्मचारीलाई टेबलबाट फिल्डमा परिचालन गर्ने।
- निरपेक्ष गरिबीको रेखामुनी रहेका नागरिकको पहिचान गरी १ वर्ष भित्र सहुलियतपुर्ण कार्डको व्यवस्था मार्फत खाद्यान्न, आवास, शिक्षा र स्वास्थ्य लगायतका आधारभूत आवश्यकताको सुनिश्चित गर्ने।

**घ. नवीन सेवा मोडल र निजी क्षेत्र सहकार्यः**

- केही सार्वजनिक सेवाहरू हुलाक मार्फत तत्काल (जस्तै: Daraz) घरमै ढुवानी गर्ने प्रणालीको विकास गर्ने।
- निश्चित सेवाहरू (जस्तै: सामाजिक सुरक्षा भत्ता वितरण) निजी क्षेत्रबाट Outsourcing गर्ने Model मा जाने।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका वृद्ध घर परिवारलाई सम्बद्ध बैंकले घरमै सेवा लैजाने गरी सम्झौता गर्ने।
- निजी क्षेत्रका बैंक र औद्योगिक प्रतिष्ठानहरूको CSR अन्तर्गतको रकम अर्थ मन्त्रालय र राष्ट्र बैंकसँग समन्वय गरी सार्वजनिक (प्राथमिकता प्राप्त) क्षेत्रमा खर्च गर्ने व्यवस्था गर्ने।
- जग्गा खरिद बिक्री दलालबाट हुने परिपाटी अन्त्य गर्न मालपोतको जग्गा बिक्री बैंकको Website मा राखी खरिदकर्ताले सोझै सम्पर्क गर्न सक्ने व्यवस्था मिलाउने।
- अग्रपङ्क्तिमा रहेर काम गर्ने कर्मचारीहरूको लागि छुट्टै आचारसंहिता, विशिष्ट तालिम, विशेष भत्ता र सेवाग्राहीबाट मूल्याङ्कन गर्ने प्रणाली निर्माण गर्ने।
- प्रत्येक तहमा कार्यसम्पादन करार र परिणाममुखी संस्कृति निर्माण गर्दै समयबद्ध निर्णय र डिजिटल फाइल ट्र्याकिङ प्रणाली अवलम्बन गर्ने।

सार्वजनिक प्रशासन रूपान्तरण अभियान-२०८२

## ५. शासकीय प्रबन्ध र संविधान संशोधनका अन्तरवस्तु

### क. संरचनागत र निर्वाचन प्रणाली सुधारः

- ७७ जिल्ला समन्वय समिति लगायतका अनावश्यक जिल्लाका कार्यालयहरू खारेज गर्नका साथै स्थानीय तहको संख्या घटाई वडाको सङ्ख्या बढाउने।
- प्रदेश सभा खारेज गरी स्थानीय तहका प्रमुखहरू रहेको प्रदेश परिषद् रहने र यसले नै व्यवस्थापिकाको काम गर्ने।
- तीनै तहका कार्यकारीहरू प्रत्यक्ष निर्वाचनबाट गर्ने र Right to recall तथा Right to reject को अनिवार्य व्यवस्था गर्ने।
- राष्ट्रिय सभालाई पूर्ण रूपमा समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था मिलाई प्रत्यक्ष तर्फको निर्वाचनमा नै समानुपातिक प्रतिनिधित्वको सुनिश्चित हुने गरी हालको समानुपातिक निर्वाचन प्रणाली खारेज गर्ने।
- सांसदहरूलाई मन्त्री नबनाई विज्ञबाट मन्त्री बनाउने र सांसदहरूले पूर्णरूपमा विद्यायिकी (Lagislative) भूमिका मात्र निर्वाह गर्ने व्यवस्था गर्ने।
- स्थानीय तहका सबै पदाधिकारीको गैरदलीय आधारमा निर्वाचन गर्ने व्यवस्था गर्ने।
- आगामी निर्वाचनबाट Out of Country Voting, 'E-voting' (विद्युतीय मतदान) प्रणालीको पूर्ण लागू गरी निर्वाचन खर्च नियन्त्रण गर्दै निर्वाचन प्रणालीलाई स्वच्छ, निष्पक्ष र धाँधली रहित बनाउने।

### ख. संवैधानिक तथा न्यायिक निकायः

- संविधानमा भएका विभिन्न प्रकारका आयोगहरू (मुस्लिम, दलित, थारू, महिला आदि) खारेज गरी एउटै समावेशी आयोग बनाउने र विभिन्न Cluster का आधारमा सदस्यहरू रहने व्यवस्था गर्ने।
- संवैधानिक निकायका पदाधिकारीको संख्या आधार र औचित्यताको आधारमा पुनरावलोकन गर्ने।
- उपराष्ट्रपतिको पद नै राष्ट्रिय सभा अध्यक्ष हुने व्यवस्था गर्ने।
- अदालतमा भएका सबै प्रकारका मुद्दाहरूको फैसला बढीमा १ वर्षभित्र गरिसक्नुपर्ने गरी संविधान र कानूनमा संशोधन गर्ने।
- कानून बमोजिम लागू हुने भनिएका मौलिक हकहरू पुनरावलोकन गर्दै संविधानको भाग ४ को राज्यका निर्देशक सिद्धान्त तथा नीति खण्डमा राख्ने।
- न्यायपरिषद्को संरचना पुनरावलोकन गरी न्यायपरिषद्लाई चुस्त र प्रभावकारी बनाउने साथै न्यायाधीस र न्यायपरिषद्का पदाधिकारीको सम्पत्ति सार्वजनिक गर्नुपर्ने।

सार्वजनिक प्रशासन रूपान्तरण अभियान-२०८२

## ६. परराष्ट्र मामिला

### क. कूटनीति सञ्चालन र नियोगः

- कूटनीतिक नियोगहरूको पुनरावलोकन गरी बढीमा २० वटामा झार्ने। परराष्ट्र सेवाका कर्मचारीको दरबन्दी आवश्यकता र औचित्यका आधारमा तत्काल पुनरावलोकन गर्ने।
- राजदूत र महावाणिज्यदूत नियुक्तिका लागि एक विषय विज्ञ सहितको उच्च स्तरीय संयन्त्रको निर्माण गर्ने र क्षमताका आधारमा प्रतिस्पर्धात्मक तवरबाट मात्रै नियुक्ति गर्ने।
- २० वटा कूटनीतिक नियोगलाई सुदृढ गर्न प्रत्येक सेवा समूह (लेखा, प्रशासन, IT, इन्जिनियर, राजश्व, सुरक्षा समेत) का कर्मचारीहरू खटाउने व्यवस्था गर्ने।
- कुटनीतिक नियोगलाई साधन स्रोत सम्पन्न बनाई राजदूत र महावाणिज्यदूतहरूसँग लक्ष्य तोकेर कार्य सम्पादन करार गर्ने सो करारको नियमित मुल्याङ्न गरी कार्यसम्पादन कमजोर देखिएका राजदूत र महावाणिज्यदूतलाई तत्काल फिर्ता बोलाउने ।
- राष्ट्रिय हित र प्राथमिकतामा Track-2 र Track-3 Diplomacy संस्थागत गर्ने।

### ख. अन्तर्राष्ट्रिय सम्बन्ध र व्यापारः

- नेपालले छिमेकी मुलुकहरु बीच गतिशील पुल, समदुरी र सह-अस्तित्वको नीति बमोजिम सम्बन्धलाई पुनः परिभाषित गर्ने।
- विभिन्न मुलुकसँग भएका असमान सन्धी सम्झौताहरू पुनरावलोकन गरी सम्बन्धमा सुधार ल्याउने तथा थप सन्धि सम्झौता गरी सम्बन्ध विस्तार गर्ने।
- दुवै छिमेकी देशहरूसँग पारवहन अर्थतन्त्रको (Transit economy) निर्माण गर्न रणनीतिक लाभ तथा सन्तुलनको नीति अवलम्बन गर्ने।
- नेपालको अन्तर्राष्ट्रिय मञ्चमा राष्ट्रिय हितमा केन्द्रित भएर व्यापक पूर्वतयारी गरी सशक्त उपस्थिति जनाउने।
- नेपाली कला संस्कृति र मौलिकता संरक्षण र प्रवर्द्धनका लागि नेपाली डायस्पोराको संयन्त्र बनाउने र प्रत्येक देशका ठूला शहरमा Nepali उत्पादनको Outlet खोल्न सहकार्य गर्ने।
- नेपालका उत्पादन विश्व बजारमा लैजान निकासी बिन्दुहरूमा Quality Lab र Accreditation को व्यवस्था गर्ने।
- परराष्ट्र मन्त्रालयमा 'Digital Diplomacy' एकाइ स्थापना गरी भूराजनीतिक विश्लेषणका लागि AI र Big Data को प्रयोग गर्ने।

## ७. राष्ट्रिय हित तथा सुरक्षा

- नेपालको सुरक्षा र विकास एवं छिमेकी राष्ट्रहरुको सुरक्षा चासो सम्बोधन गर्न स्थायी सिमा व्यवस्थापन गर्ने । तत्काललाई खुला सीमा व्यवस्थापन गर्दै सीमानाकामा परिचयपत्र र डिजिटल अभिलेख प्रणाली लागू गर्ने।

सार्वजनिक प्रशासन रुपान्तरण अभियान-२०८२

- नेपालको सीमा सुरक्षाका लागि सशस्त्र प्रहरी बल, नेपाल (APF) लाई पूर्ण परिचालन र नेपाली सेनालाई Back-up मा राख्ने।
- नेपाल प्रहरी र सशस्त्र प्रहरीको सङ्ख्या, कार्यक्षेत्र र जिम्मेवारी पुनरावलोकन गरी आन्तरिक सुरक्षा व्यवस्था सुदृढ गर्ने।
- राष्ट्रिय अनुसन्धान विभागलाई पुन:संरचना गरी काउन्टर इन्टेलिजेन्सको स्थापना एवं प्रभावकारी परिचालन गर्ने।
- सार्वजनिक निकायमा कार्यरत पदाधिकारीले विदेशी पदाधिकारीलाई भेट्नुपर्दा सरकारको (परराष्ट्र मन्त्रालय मार्फत) स्वीकृति अनिवार्य गर्ने र Record of Discussion अभिलेखमा राख्नैपर्ने अनिवार्य प्रबन्ध मिलाउने।
- विदेशी Forum मा नेपालका पदाधिकारीले प्रस्तुत गर्ने मन्तव्य र Deliberations अग्रीम स्वीकृत गर्ने प्रणाली र संयन्त्र बनाउने।
- राष्ट्रिय सुरक्षा, अखण्डता, सार्वभौमसत्ता, नेपालको इतिहास जस्ता विषय शैक्षिक पाठ्यक्रममा अनिवार्य गर्ने र 'Know Your Country (KYC)' लाई उच्च प्राथमिकता दिने।
- राष्ट्रिय सुरक्षाका लागि नागरिकलाई तत्पर रहन विशेष तालिमको प्रबन्ध गर्ने।
- प्रत्येक देशका नागरिकलाई कुन प्रक्रियाबाट VISA दिने भन्ने विषय Reciprocal Basis मा समानताको आधारमा तय गर्ने।
- 'राष्ट्रिय साइबर सुरक्षा कमान्ड सेन्टर' (National Cybersecurity Command Center) स्थापना गरी महत्त्वपूर्ण रणनीतिक राष्ट्रिय पूर्वाधार (Critical Infrastructure) को संरक्षण गर्ने।

## ८. लगानी प्रवर्द्धन तथा व्यवसाय सुरक्षा

### क. लगानीमैत्री वातावरण र पूँजी परिचालनः

- निजी क्षेत्रलाई जवाफदेही र पारदर्शी तवरबाट परिचालन गरी राष्ट्रिय पूँजी निर्माण र परिचालन गर्ने।
- निजी क्षेत्रको लगानीबाट रोजगार, उत्पादन र औद्योगिकीकरण मार्फत आयात प्रतिस्थापन गर्ने नीति लिने।
- सबै नेपालीका लागि सरकार, सबै उद्यमीका लागि सरकार र सबै सम्भाव्य करदाताका बीचमा सरकारको अवधारणामा काम गर्ने।
- सरकारी क्षेत्रको नियामक क्षमता बढाउँदै निजीक्षेत्रमा संस्थागत सुशासन अभिवृद्धि गर्ने।
- पूर्ण स्वचालित एकद्वार प्रणाली (Automated Single Window System) लागू गर्दै स्वदेशी तथा विदेशी लगानीकर्ताले कम्पनी दर्तादेखि उद्योग सञ्चालन, वातावरणीय स्वीकृति (EIA/IEE) र विदेशी विनिमय स्वीकृतिसम्मका सबै प्रक्रिया एउटै डिजिटल प्लेटफर्मबाट निश्चित समयसीमा (जस्तैः ७ दिन) भित्र प्राप्त हुने गरी कानुनी प्रत्याभूति गर्ने।

- नवीन सोच र प्रविधिमा आधारित व्यवसाय (Start-ups) का लागि नियामक परीक्षण छुट (Regulatory Sandbox) को व्यवस्था गर्ने, जसले गर्दा नयाँ उद्यमीहरूले सुरुवाती चरणमा झन्झटिलो कानूनी प्रक्रिया पार नगरी आफ्नो उत्पादनको परीक्षण गर्न सकुन्।
- लगानीकर्ताको सम्पत्ति र प्रतिफलको सुरक्षा सुनिश्चित गर्न वैकल्पिक विवाद समाधान (Alternative Dispute Resolution) संयन्त्रलाई अन्तर्राष्ट्रिय मापदण्ड (जस्तैः UNCITRAL) अनुरूप सुदृढ गर्ने। व्यावसायिक र करार सम्बन्धी विवादहरू छिटो टुंग्याउन अदालतको नियमित प्रक्रिया भन्दा छुट्टै वाणिज्य अदालत (Commercial Court) वा 'फास्ट ट्र्याक बेन्च' को स्थापना गर्ने।
- औद्योगिक करिडोर र विशेष आर्थिक क्षेत्र (SEZ) हरूमा उद्योग तथा व्यवसायीहरूको भौतिक सुरक्षा, बन्द-हडताल नियन्त्रण र निर्बाध ढुवानीको सुनिश्चितताका लागि औद्योगिक सुरक्षा बल (Dedicated Industrial Security Force) को व्यवस्था गर्ने।
- बौद्धिक सम्पत्ति अधिकार (Intellectual Property Rights-IPR) को कडा संरक्षण गर्ने नीति लागू गर्ने। ट्रेडमार्क, पेटेन्ट र प्रतिलिपि अधिकारको चोरीमा तत्काल कारबाही गर्ने संयन्त्र विकास गर्ने।
- नीतिगत स्थिरताको प्रत्याभूति (Policy Consistency Guarantee) कानून ल्याउने, जसले गर्दा लगानीकर्ताले उद्योग स्थापना गर्दा कायम रहेको कर तथा भन्सार नीति कम्तीमा १० वर्षसम्म उनीहरूको अहित हुने गरी परिवर्तन नहुने प्रत्याभूति गर्ने।

**ख. उत्पादन प्रवर्द्धन, पूर्वाधार र अन्तर्राष्ट्रिय बजार पहुँचः**

- Plug and Play मोडलका औद्योगिक पार्कहरू निर्माण गर्ने। यस्ता पार्कहरूमा सडक, बिजुली, पानी र इन्टरनेट जस्ता पूर्वाधारहरू सरकारले पहिल्यै तयार गरिदिनेछ, जहाँ उद्योगीले जग्गा प्राप्तिको लामो झन्झट बिना सीधै मेसिन जडान गरी उत्पादन सुरु गर्न सक्नेछन्।
- नेपाललाई आवश्यक पर्ने आधारभूत खाद्य सुरक्षाका लागि कृषि उत्पादन एवम् भण्डारण क्षमता बढाई आधारभूत कृषि उत्पादनमा आत्मनिर्भर हुने र बजार व्यवस्थापन तथा आपुर्ति श्रृङ्खला सुदृढ गर्ने।
- कृषि अनुदानलाई उत्पादनका आधारमा (Production-based Subsidy) सीधै किसानको बैंक खातामा पठाउने (Direct Benefit Transfer) व्यवस्था गर्ने।
- कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्ने र Cold Storage तथा भण्डारणका लागि Public-Private Partnership (PPP) मोडल लागू गर्ने।

## ९. शिक्षा र स्वास्थ्य क्षेत्रको रूपान्तरण (Education & Health Sector)

- शिक्षा र स्वास्थ्य क्षेत्रमा भैरहको बेलगाम व्यापारीकरणलाई तत्काल नियन्त्रण गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवालाई राज्यको अनिवार्य दायित्वभित्र ल्याउने।

- नेपाललाई Medical Hub को रुपमा विकास गर्न आवश्यक नीतिगत पूर्वाधार/संचरनागत र कार्यक्रमगत व्यवस्था गर्ने। यसबाट लाखौंको संख्यामा उपचारका लागि र हजारौंको संख्यामा मेडिकल शिक्षाका लागि विदेशिने नेपालीलाई स्वदेशमा नै गुणस्तरीय स्वास्थ्य शिक्षा र सेवा उपलब्ध गराउन सकिने व्यवस्थाको सुनिश्चितता गर्ने।
- अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने गरी नेपालको शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि गर्न शैक्षिक संस्था र विश्वविद्यालय सहित समग्र शैक्षिक प्रणालीको रुपान्तरण गरी उच्चशिक्षाको लागि विदेशिने लाखौं युवाहरुलाई स्वदेशमा नै गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने।
- सार्वजनिक शिक्षाको गुणस्तर सुधार्न सार्वजनिक-निजी साझेदारी वा नतिजामा आधारित अनुदान (Performance-based Funding) प्रणाली लागू गर्ने।
- राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रमलाई प्रविधिमैत्री र अनिवार्य बनाउँदै सबै नागरिकलाई Universal Health Coverage को दायरामा ल्याउने। स्वास्थ्य बिमा सेवा सुविधा थैली रकम बढाउने, सबै क्षेत्रलाई अनिवार्य यसमा समावेश गर्ने तथा देशभरका सबै स्वास्थ्य संस्थाबाट सेवा प्राप्त हुने व्यवस्था अनिवार्य लागू गर्ने।

सार्वजनिक प्रशासन रुपान्तरण अभियान-२०८२